# SAMPLE QUESTION PAPER (2022-2023)

## Code: 124

## विषय नेपाली

## कक्षा - XII

निर्धारित समय-3 घण्टा　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　अधिक्तम अंक-80

## सामान्य निर्देश

- ✓ निम्नलिखित निर्देशलाई ध्यानपूर्वक पढ़ेर पालन गर्नुहोस्।
- ✓ भाग एकमा 46 वटा वस्तुपरक प्रश्नहरू सोधिएका छन्। जम्मा 40 वटा प्रश्न अनिवार्य छन्।
- ✓ भाग दुईमा 19 वटा वर्णनात्मक प्रश्नहरू सोधिएका छन्। जसमा जम्मा 13 वटा प्रश्न अनिवार्य छन्।

| | | |
|---|---|---|
| भाग 1<br>(खण्ड-क, व्याकरण- छन्द र अलङ्कार) | | |
| | **निम्नलिखित बहुवैकल्पिक प्रश्नसङ्ख्या १देखि १६मध्ये कुनै बाह्र प्रश्नहरूका उत्तर लेख्नुहोस् : (1x12=12)** | |
| 1. | **छन्दमा गण कतिवटा हुन्छन्?**<br>i) दुईवटा<br>ii) आठवटा<br>iii) पाँचवटा<br>iv) बाह्रवटा | |
| 2. | **छन्दशास्त्र कसले रचना गरेका हुन्?**<br>i) आचार्य भामह<br>ii) आचार्य भानुभक्त<br>iii) आचार्य पिङ्गल<br>iv) आचार्य भरतमुनि | |
| 3. | **छन्दमा यति भन्नाले के बुझिन्छ?**<br>i) रोकिनु<br>ii) नरोकिनु<br>iii) परिमाण बुझाउनु<br>iv) संकेत गर्नु | |
| 4. | **तोटक छन्दको लक्षण : ...................................**<br>i) चारवटा सगण क्रमशः<br>ii) चारवटा भगण<br>iii) क्रमशः सगण जगण सगण<br>iv) केवल सगण | |
| 5. | **शिखरिणी छन्दको लक्षण अनुसार कुन उदाहरण सही छ?**<br>i) भाषा हो सभ्यता हाम्रो सारा उदय उन्नति<br>ii) मीठो लाग्छ मलाइ ता प्रियकथा प्राचीन संसारको<br>iii) तनले धनले अनि यौवनले<br>iv) म खाऊँ मै लाऊँ सुखसयल वा मोज म गरूँ | |

| | | |
|---|---|---|
| 6. | **निम्नलिखित उदाहरण कुन छन्दमा आधारित छ?**<br>''उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर<br>फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र?''<br>i) तोटक<br>ii) अनुष्टुप<br>iii) शिखरिणी<br>iv) शार्दूलविक्रीडित | |
| 7. | **'मगण, सगण, जगण, सगण, तगण, तगण र एउटा गुरू' – यो कुन छन्दको लक्षण हो?**<br>i) मत्तमयुर<br>ii) अनुष्टुप<br>iii) शार्दूलविक्रीडित<br>iv) तोटक | |
| 8. | **मात्राको आधारमा गणना गरेर लेखिने छन्दलाई ......... भनिन्छ।**<br>i) तोटक छन्द<br>ii) अनुष्टुप छन्द<br>iii) मात्रिक छन्द<br>iv) गाउँले छन्द | |
| 9. | **काव्यमा अलङ्कार भन्नाले के बुझिन्छ?**<br>i) सुन चाँदी<br>ii) विशेष शब्द<br>iii) काव्यको गहना<br>iv) स्त्री जातिको पहिरण | |
| 10. | **अलङ्कार शब्द कसरी बनेको छ?**<br>i) अलम्+कृ+घञ्,<br>ii) अलङ्+कार,<br>iii) अलङ्का+र<br>iv) अ+लङ्कार | |
| 11. | **आचार्य भामहको ग्रन्थको नाम के हो?**<br>i) काव्यशास्त्र<br>ii) अलङ्कारकाव्य<br>iii) अलङ्कारशास्त्र<br>iv) काव्यालङ्कार | |

| | | |
|---|---|---|
| 12. | **अलङ्कार कति प्रकारका हुन्छन्?**<br>i) दुई प्रकारका<br>ii) तीन प्रकारका<br>iii) बाह्र प्रकारका<br>iv) चार प्रकारका | |
| 13. | **उपमा अलङ्कारका चार तत्त्वहरूः ..................**<br>i) उपमान, उपमेय, साधारण धर्म, वाचकपद<br>ii) दूई उपमान र दुई उपमेय,<br>iii) चारवटा उपमेय,<br>iv) उपमान, उपमेय र दुईवटा साधारण धर्म। | |
| 14 | **'अब चिन्तामात्रै गर्ने कि डाक्टर पनि देखाउने' – यो कुन अलङ्कारको उदाहरण हो?**<br>i) अर्थ अलङ्कार,<br>ii) श्लेष अलङ्कार,<br>iii) उपमा अलङ्कार,<br>iv) अतिशयोक्ति अलङ्कार। | |
| 15. | **अतिशयोक्ति अलङ्कार भनेको के हो?**<br>i) उपमान र उपमेय बीच तुलना गर्नु<br>ii) उपमेयको मात्र वर्णन गर्नु<br>iii) उपमेयको मात्र वर्णनले उपमान चिनाउनु<br>iv) उपमानको मात्र वर्णनले उपमेयलाई बुझाउन खोज्नु | |
| 16 | आचार्य भामह कुन शताब्दीका हुन्?<br>i) ई.पू. दोस्रो शताब्दी,<br>ii) ई.पू. छैटौँ शताब्दी,<br>iii) ईशाको दोस्रो शताब्दी,<br>iv) ईशाको छैटौँ शताब्दी, | |
| | **खण्ड ख (मुख्य पाठ)** | |
| | **निम्नलिखित पङ्क्ति पढ़ेर सोधिएका बहुवैकल्पिक १७देखि २७सम्मका प्रश्नहरूमध्ये कुनै दश प्रश्नहरूको उत्तर दिनुहोस्। (1x10=10)** | |
| | हिमालमा गयो जाडो लोक साऽऽनन्द देखियो।<br>उदायो रसिलो राम्रो ऋतुराज वसन्त यो।।<br>नाम शेष भयो सारा पुरानू शिशिर स्थिति।<br>लियो वसन्तले अकै नयाँ गौरव पद्धति।।<br>ऋतु हुन् अरु पाँचोटा, वसन्त ऋतुराज हो। | |

| | | |
|---|---|---|
| | लोक गौरवले भर्नु यसैको मुख्य काज हो।।<br>वसन्तमा समानै छन् ठण्डी गर्मी दुवै गुण।<br>तुल्य तुल्य दया दण्ड राजाका हुन् विभूषण।।<br>देखिन्छ नाऽतिशीतोष्ण महिमा ऋतुराजको।<br>दयादण्डज्ञ राजाको नीति झैं राजकाजको।।<br>पशुपक्षी लतावृक्ष लगायत चराचर।<br>ऋतुनायकको गर्छ प्रेमले स्वाऽऽगताऽऽदर।।<br>सेतो कमलको छाता मञ्जरीमय चामर।<br>ऋतुराजत्वका चिह्न देखिन्छन् अति सुन्दर।।<br>भुमराहरु वीणाको दिव्य झङ्कार गर्दछन्।<br>गुणगायक भै पंक्षी गानमा तान भर्दछन्।।<br>बर्र-बर्र लतावृक्ष लावा झैं फूल छर्दछन्।<br>पुतली नर्तकीतुल्य नाचदै अगि सर्दछन्।।<br>मलयाऽचलको वायु लगातार सिरीसिरी।<br>कलिला पालुवारूप पङ्खा हम्कन्छ सुस्तरी।।<br>सजायेको छ सर्वत्र दिव्य सौन्दर्यको रथ।<br>शान्तिको जल छर्केको खुल्ला आनन्दको पथ।।<br>सारा वन बगैंचामा सजायेको छ आसन।<br>ऋतुराज उतैबाट गर्छ त्यो शुभशासन।।<br>दिव्य आनन्दको रङ्ग, दिव्य कान्ति तरङ्ग छ।<br>दिव्य उन्नतिको ढङ्ग, दिव्य सारा प्रसङ्ग छ।।<br>त्यो दिव्य रङ्ग पायेका लतावृक्ष वनस्पति।<br>देखिन्छन् योग्य नेताका रैती झैं उन्नताऽऽकृति।।<br>सानातिना सबैमाथि फैलियेको छ गौरव।<br>योग्यको आड़ पायेको बिग्रला को कहाँ कब?।। | |
| 17. | **यहाँ 'ऋतुराज' भनेर कसलाई भनिएको छ?**<br>i) वसन्त ऋतुलाई<br>ii) राजालाई<br>iii) शिशिर ऋतुलाई<br>iv) हिमाललाई | |
| 18. | **पङ्क्तिमा नामशेष भयो भनेर कसको शेष भएको कुरा गरिएको छ?**<br>i) ऋतुराजको<br>ii) शिशिर ऋतुको | |

| | | |
|---|---|---|
| | iii) लोककाजको<br>iv) छाताको | |
| 19. | **ऋतुनायकको स्वागत कसले गर्छ भनेर भनिएको छ?**<br>i) ऋतुराज वसन्तले<br>ii) राजाको राजकाजले<br>iii) पशुपक्षी लतावृक्ष लगायत चराचरले<br>iv) सम्पर्ण मानव जातिले | |
| 20. | **कविलाई कसले वीणा बजाएको जस्तो लाग्छ?**<br>i) पुतलीले<br>ii) मान्छेले<br>iii) पंक्षीले<br>iv) राजाले | |
| 21. | **यहाँ नाच्ने काम कोबाट भएको देखिन्छ?**<br>i) पुतलीबाट<br>ii) नाच्ने केटाकेटीबाट<br>iii) पालुवाबाट<br>iv) योग्य नर्तकीबाट | |
| 22. | **'शान्तिको जल छर्केको खुला आनन्दको पथ।' -यहाँ 'पथ' शब्दको अर्थ के हो?**<br>i) पात<br>ii) बाटो<br>iii) मन<br>iv) पानी | |
| 23. | **शुभशासन कसले गर्छ भनेर भनिएको छ?**<br>i) राजाले<br>ii) हावाले<br>iii) वसन्तऋतुले<br>iv) वायुले | |
| 24. | **लतावृक्ष कतिबेला फूल छर्दछन्?**<br>i) घाम लागेको बेला<br>ii) रात्रिको समयमा<br>iii) पंक्षी नाचेको बेला<br>iv) पुतली नाचेको बेला | |
| 25. | **हिमालमा जाड़ो कुन समयमा हराएको छ?** | |

| | | |
|---|---|---|
| | i) शिशिर ऋतुको शेषपश्चात्<br>ii) वसन्त ऋतुको शेषपश्चात्<br>iii) हिमालमा हिउँ सकिएपश्चात्<br>iv) हिमालमा तातो घाम लागेपश्चात् | |
| **26.** | **एक वर्षमा कतिवटा ऋतुहरू हुन्छन्?**<br>i) पाँचवटा<br>ii) छवटा<br>iii) चारवटा<br>iv) एउटा | |
| **27.** | **कविले छातालाई केसँग तुलना गरेका छन्?**<br>i) चामरसँग<br>ii) मञ्जरीसँग<br>iii) कमलसँग<br>iv) शीतसँग | |
| | **निम्नलिखित अनुच्छेद पढ़ेर सोधिएका २८ देखि ३८सम्मका प्रश्नहरूमध्ये कुनै दश प्रश्नहरूको उत्तर दिनुहोस्।** (1x10=10) | |
| | मालिनीको श्रीसम्पत्तिको नाउँमा थिए एकसरो ओढ़्ने-ओछ्याउने, पकाउने खाने भाँड़ावर्त्तन, केही मामूली लत्ता-कपड़ा अनि काठको एउटा सानु बाकस। कमानले दिएको एउटा ठूलो टोकरी थियो। जसेले त्यसैमा भाँड़ा-वर्त्तन मिलाए हाल्यो। त्यसमाथि ओड़्ने-ओछ्याउने पटाइपरि हाल्यो अनि ती नहल्लिने र नखस्ने गरी डोरीले कस्यो। काठको सानु बाकसमा मालिनीले आफ्ना लाउने लुगा र अरू खत्राकखुत्रुक चीज मिलाएर हालेर बन्द गरी। मालिनीले ढिब्री-बत्तीको सहाराले झुपड़ीभित्र कुनाकाप्चा हेरी, केही छुट्यो कि भनेर। जसे झुपड़ीबाहिर आएर उभियो, छेउछाउ र टाड़ासम्म निरीक्षण गर्यो अनि कान ठाड़ा पार्यो, चालचुल केही सुनिएन। भित्र पसेर जसेले नाम्लो लाएर टोकरी पिठिउँमा बोक्यो अनि मालिनीले हलुङ्गो काठको बाकस र निभाएको धिब्री-बत्ती। मध्यरातमा दुनियाँ बिचेत भएको बेलामा मालिनीले जसेलाई आफ्नो अगुवा बनाएर मेकी कमानबाट बिदा लिई। दुवै चाल मारेर कमानको तेर्सो बाटो हिंड्नथाले। ठाउँ ठाउँका धुरातिरबाट कुकुरहरू भुकेको सुनियो। बड़ा साहेबको कोठीको भोटे कुकुर पाखा थर्काउने गरी भुकेको सुनियो। मालिनी डरले आत्तिई। दुवैले अड़िएर कोठी भएको दिशातिर हेरे। एउटा बत्ती देखियो अनि त्यो बत्ती कोठीभित्र पसेर हरायो।<br>कुकुर भुक्दा चौकीदार लालटेज लिएर बाहिर हेर्न निस्केको होला, कोही नदेखेर भित्र पस्यो, जसेले अड़कल लाएर मालिनीले मात्र सुन्ने गरी भन्यो। दुवै हिंड़े, तर मालिनीको | |

| | | |
|---|---|---|
| | डर हत्तपत्त हराएन। बारबार पछिल्तिर फर्कँदै हेर्दै जसेको पछिपछि स्वाँ स्वाँ गर्दै हिँड़ी। सेती खोलाको साँघु नाघेपछि मालिनीको डर हरायो र दुवै बिस्तार-बिस्तार चोरबाटो लागे। चन्द्रमाले साथ दिए। अकास उघ्रेको थियो। अर्धचन्द्र र तारामण्डलले आकाश सुशोभित भएको थियो। केवल समय-समयमा सिमलका भुवा जस्ता खण्डित बादल उड़ेर आएर चन्द्रमालाई छेल्थे र पृथ्वीतलमा कताकता छाया पर्थ्यो। हेली कमानको सिरमा फारस गाउँ आइपुग्दा भालेको पहिलो डाक सुनियो। चैनधोज सरदारको घर बन्द थियो। जाती नै भयो, नत्र उत्सुक भएर सरदार सरदारनीले खोजिनिती गर्ने थिए, के भन्नु? त्यसबाहेक ढिलो अवश्य हुनेथियो। | |
| 28. | **कसको घरमा श्रीसम्पत्तिको नाउँमा एकसरो ओड़्ने ओछ्याउनेमात्र थियो?**<br>i) गरीबको घरमा<br>ii) माग्नेको घरमा<br>iii) जसेको घरमा<br>iv) मालिनीको घरमा | |
| 29. | **मालिनीलाई कसले टोकरी दिएको थियो?**<br>i) बड़ासाहेबले<br>ii) साथीहरूले<br>iii) कमानले<br>iv) छिमेकीले | |
| 30. | **मालिनीले किन कुना काप्चा हेरी?**<br>i) जसे छ कि भनेर<br>ii) केही छुट्यो कि भनेर<br>iii) खानेकुरा छ कि भनेर<br>iv) धिब्री छ कि भनेर | |
| 31. | **जसेले पिठिउँमा के बोक्यो?**<br>i) मालिनी<br>ii) टोकरी<br>iii) डोको<br>iv) भारी | |
| 32. | **मालिनी कुन कमानमा काम गर्थी?**<br>i) मेकी कमान<br>ii) हेली कमान<br>iii) तिमी कमान<br>iv) चिया कमान | |

| | | |
|---|---|---|
| 33. | **जसे र मालिनी कुन उपन्यासका पात्रहरू हुन्?**<br>i) मुनामदन<br>ii) रूपको मूल्य<br>iii) ऋतुविचार<br>iv) जुनेली रेखा | |
| 34. | **कसको भोटे कुकुर भुकेको सुनिएको थियो?**<br>i) जसेको<br>ii) चौकीदारको<br>iii) मालिनीको<br>iv) बड़ासाहेबको | |
| 35. | **मालिनीले दुनियाँ बिचेत भएको बेला के गरी?**<br>i) जसेलाई बोलाई<br>ii) सुती<br>iii) कमानबाट विदा लिई<br>iv) डरले आत्तिई। | |
| 36. | **मालिनीको डर कहाँ पुगेपछि हरायो?**<br>i) सेती खोलाको साँघु नाघेपछि<br>ii) फारस काटेपछि<br>iii) कोठी नजीक पुगेपछि<br>iv) शहरको रमझममा पुगेपछि | |
| 37. | **दिइएको अनुच्छेदमा कुन-कुन कमानको कुरा गरिएको छ?**<br>i) मेकी र तिमी कमान<br>ii) मेकी र हेली कमान<br>iii) हेली र चिया कमान<br>iv) चियाकमान र मेकीकमान | |
| 38. | **जसे र मालिनी कहाँ आइपुग्दा भालेको पहिले डाक सुनियो?**<br>i) छिमेकीको घरमा आइपुग्दा<br>ii) शहरको छेउ आइपुग्दा<br>iii) हेली कमानको शिरमा आइपुग्दा<br>iv) जसेको घरमा आइपुग्दा | |
| | **निम्नलिखित पङ्क्ति पढ़ेर सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्।** (1x8=8) | |
| 39. | **ऋतुविचचर खण्डकाव्य कसले रचना गरेका हुन्?**<br>i) लेखनाथ पौड़्याल | |

| | | |
|---|---|---|
| | ii) देवाराज शर्मा<br>iii) सानु लामा<br>iv) लक्ष्मीप्रसाद देवकोटा | |
| 40. | **जेठ-आषाढ़मा कुन ऋतु पर्छ?**<br>i) वसन्त ऋतु<br>ii) ग्रीष्म ऋतु<br>iii) हेमन्त ऋतु<br>iv) शिशिर ऋतु | |
| 41. | **एक वर्षमा कतिवटा ऋतुहरू हुन्छन्?**<br>i) ४वटा<br>ii) ५वटा<br>iii) ६वटा<br>iv) ७वटा | |
| 42. | **ऋतराज भनेर कुन ऋतुलाई भनिन्छ?**<br>i) वसन्त ऋतु<br>ii) ग्रीष्म ऋतु<br>iii) हेमन्त ऋतु<br>iv) शिशिर ऋतु | |
| 43. | **मालिनीको पहिलाको लोग्नेको नाम के हो?**<br>i) जसे<br>ii) बड़ासाहेब<br>iii) धने<br>iv) सञ्चमान | |
| 44. | **जुनेली रेखा उपन्यासका रचनाकार को हुन्?**<br>i) इन्दमणि शर्मा<br>ii) इन्द्रबहादुर राई<br>iii) इन्द्रकुमार राई<br>iv) इन्द्र सुन्दास | |
| 45. | **कसले कसलाई भनेको- ''किन यौँ आएर बसिरा'को? जाऊ आफ्नो घरमा, उठ यो सिकुवा लिप्छु। कस्तो लाज पचेको मान्छे''।**<br>i) जसेले मालिनीलाई<br>ii) मालिनीले जसेलाई<br>iii) उपन्यासकारले पाठकलाई | |

| | | |
|---|---|---|
| | iv) उपन्यासकारले जसेलाई | |
| 46. | **'गाल पर्नु' शब्दको अर्थ के हुन्छ?**<br>i) गाला<br>ii) लाज पर्नु<br>iii) गलाउने काम<br>iv) रीस पर्नु | |
| | **भाग 2**<br>**खण्ड क (मुख्य पुस्तक)** | |
| 47. | **निम्नलिखित प्रश्नहरूका उत्तर दिनुहोस्।** | |
| **क.** | रनेमा माछा मार्ने स्फूर्ति कुन घटनाले गरायो? | 2 |
| **ख.** | माछाको मोल कथाको शुरूवातको प्राकृतिक दृश्य कस्तो छ?<br>**अथवा**<br>रनेले आफ्नो बाबुलाई झिलिक्क देख्दाको परिवेश कस्तो छ? | 3 |
| **ग.** | रूपको मूल्य कथामा रानुको अनुहारको वर्णन कथाकारले कस्तो गरेका छन्?<br>**अथवा**<br>रानुले विमलनाथ र उसँग विवाह भएको मान्छेको तुलना कसरी गरेकी छे? | 3 |
| 48. | **निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस् :** | |
| **क.** | हाइ हाइ अंग्रेजी निबन्धको भाव लेख्नुहोस्। | 4 |
| **ख.** | देवकोटाले किन दाजुलाई आदर्श माने? | 4 |
| 49. | **निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस् :** | |
| **क.** | बन्दिनी एकाङ्कीको सार प्रस्तुत गर्नुहोस्। | 3 |
| **ख.** | नितीशाले अन्तिममा निरीक्षकलाई कसरी सङ्घर्ष गर्ने घोषणा गरी? | 3 |
| **ग.** | नाटक भन्नाले के बुझिन्छ? | 2 |
| 50. | **निम्नलिखित प्रश्नहरूमध्ये कुनै तीन प्रश्नका उत्तर सङ्क्षेपमा लेख्नुहोस् :** (2x3=6) | |
| **क.** | भारोपेली भाषा परिवारका कुनै चार भाषाहरूको नाम लेख्नुहोस्। | |
| **ख.** | ककेसियामा कुन भाषा परिवारको जन्म भएको थियो? | |
| **ग.** | खस भाषाको हालको नाम के हो? | |
| **घ.** | नेपाली भाषाको पहिलो लिखित कृति कुन हो? | |
| **ङ.** | अशोक चल्लको पालाको अभिलेख कसले खोजेर पत्ता लगाएका हुन्? | |

| खण्ड ख (लेखाइ एवं रचना कौशल) | | |
|---|---|---|
| **51.क.** | निम्नलिखित कुनै एक विषयमा 150 शब्दसम्मको रोचक निबन्ध रचना गर्नुहोस् :<br>अ. विद्यार्थी जीवन<br>आ. कोरोना काल | **5** |
| **ख.** | सिक्किममा रहेका शहरहरूको जानकारी गराउँदै आफ्नो साथीलाई एउटा ज्ञानवर्द्धक पत्र लेख्नुहोस्।<br>**अथवा**<br>विद्यालयमा पानीको समस्याको अवगत गराउँदै ग्राम प्रशासनिक केन्द्रमा समाधानको निम्ति एउटा निवेदन लेख्नुहोस्। | **5** |